बलेफी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बलेफी, सिन्धुपाल्चोक

पत्र सङ्ख्या: २०८२/८३
चलानी नं. :

बागमती प्रदेश, नेपाल
"कृषि योग्य, व्यापारिक र पर्यटकीय ठाउँ, नवीन सोच सहितको समृद्ध बलेफी गाउँ"

(प्रकाशन मिति:२०८२।१२।०१)

## न्यूनतम रोजगारीमा संलग्न हुनका लागि आवेदन दिने सम्बन्धी
## अत्यन्त जरुरी सूचना !!!

रोजगारीको हक सम्बन्धि ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धि नियमावली,२०७५ को नियम ७, प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १८ तथा **श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धि रणनीति,२०७८**अनुसार**"न्यूनतम रोजगार, नागरिकको अधिकार"** भन्ने मूल नाराका साथ आ.ब.२०८२/०८३ मा बलेफी गाउँपालिका अन्तरगत **रोजगार सेवा केन्द्र**को समन्वयमा प्रदान गरिने १०० दिनको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माणमा योगदान गर्न ईच्छुक बेरोजगार व्यक्तिहरुले २०८२ चैत्र मसान्त सम्ममा तपसिलमा उल्लेखित कागजात संलग्न गरी आफ्नो स्थायी बसोबास रहेको वडा कार्यालयमा गई आवेदन दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

बेरोजगार दर्ताका लागि दिने आवेदनको फारम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।आवेदन दिंदा फारममा उल्लेख भएका विवरणहरु पूर्णरुपमा उल्लेख नगरिएमा वा तोकिएको कागजातहरु पेश नगरेमा त्यस्ता आवेदनहरु रद्ध गरिने समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

आवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

१. आवेदन दिने व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १ प्रति ।
२. आवेदन दिने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो - १ वटा ।
३.आवेदन दिने व्यक्तिको एकाघर परिवारका सबै सदस्यहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि - १/१ प्रति
४.आवेदन दिने व्यक्तिले कुने सीपमूलक तालिम लिएको भए उक्त तालिमको प्रमाणपत्रको प्रतिलिपि -१ प्रति ।
५. आवेदन दिने व्यक्ति वा परिवारमा कुनै किसिमको अपाङ्गता भएका व्यक्ति भएमा अपाङ्गता परिचयपत्रको प्रतिलिपि ।
६. आवेदक बैदेशिक रोजगारीबाट फर्किएको वा श्रम स्वीकृति लिई रोजगारीमा जान नपाएको भएमा उक्त व्यहोरा खुल्ने कागजातको प्रतिलिपि ।

(होम बहादुर राउत)
प्रमुख प्रशासकीय अधिकृत

होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत

फोन नं: ०११-४००५३६,०११-४००५३८ ०११-४००५३९ इमेल: balephi2017@gmail.com वेबसाइट: https://www.balephimun.gov.np
फेसबुक: www.facebook.com/balephiruralmunicipality